आज मिति २०७७।०८।१८ गते विहिबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

### मिति २०७७०८१८

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) श्री सार्वजनिक नमुना माध्यामिक विद्यालय मि.न.पा.९ बेंगाडावरबाट विशेष शिक्षा आवाशिय विद्यालय सञ्चालन गर्नको लागि गुरुयोजना र डि.पि.आर तयार गरी स्वीकृतिको लागि पेश गरेको सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.३ हरिहरपुरबाट कार्तिक कुंवर गुम्बा मेला आयोजना गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) स्काइ ब्लु टेक्नोलोजि नेटवर्क, काठमाडौंबट पि.भि सोलार जडान कार्यक्रमको लागि जग्गा लिजमा माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) मि.न.पा वडा नं.८ जनमुनिबास निवासी श्री अमर बहादुर तामाङले मुटु रोगको उपचारको लागि आर्थिक सहायता माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा वडा नं.२ नक्टाभिजको पत्रबाट श्री रामपृत महतो (महाराजी) लाई कुटि बनाउन आर्थिक सहायता माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.६) मि.न.पा वडा नं.१ बाट छठ पूजा घाट व्यवस्थापन गर्नको लागि आर्थिक सहायता माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.७) मि.न.पा वडा नं.७ बाट श्री जनशक्ति वाल क्लवले शुभ दिपावली तथा छठ पर्वमा सांस्कृतिक कार्यक्रम गर्नको लागि आर्थिक सहायता माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.८) मि.न.पा वडा नं.५ श्रीपुरबाट छठ मेला आयोजना गर्न छठ मेला समितिलाई आर्थिक सहयोग उपलब्ध गराउन माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.९) मि.न.पा वडा नं.५ श्रीपुरबाट श्री राम लक्ष्मण हनुमान मन्दिरको पूजा आराधना गर्नका लागि बाजागाजा सामाग्रीहरु खरिद गर्न आर्थिक सहयोग माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.१०) मि.न.पा वडा नं.६ ढल्केवरबाट पानीटंकी टोलमा चन्दा उठाएर छठपर्व तथा सांस्कृतिक कार्यक्रम गर्दा अपुग भएको रकम आर्थिक सहयोग माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.११) यस न.पा.क्षेत्र भित्र संचालनमा रहेका "घ" वर्गको निर्माण व्यवसायी दर्ता गर्ने सम्बन्धमा ।

०७७।८।१८

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा श्री सार्वजनिक नमुना माध्यामिक विद्यालय मि.न.पा.९ बेंगाडावरको च.नं.७० मिति २०७७।०७।२४ को पत्रबाट आ.व.२०७५।०७६ मा अपाङ्गको प्रकति अनुरुप आवश्यकताको आधारमा प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त विशेष शिक्षा आवाशिय विद्यालय सञ्चालन गर्ने कार्यक्रम भए अनुसार मिर कन्सल्ट प्रा.लि. ललितपुरबाट तयार गराइएको उक्त कार्यक्रमको गुरुयोजना र डि.पि.आर यस न.पा.बाट स्वीकृतिको लागि पेश भएकोमा उक्त गुरुयोजना र डि.पि.आर. स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ हरिहरपुरको च.नं.६९८ मिति २०७७।०८।१४ बाट हरिहरपुमा मिति २०७७ मंसिर १५, १६ र १७ गते श्री कार्तिक कुंवर गुम्बा मेला समिति मार्फत आयोजना हुने कार्तिक कुंवर गुम्बा मेला आयोजना गर्न आर्थिक सहयोग माग भएकोमा उक्त मेला आयोजनाको लागि अन्य सामाजिक सहायता शिर्षककबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा स्काइ ब्लु टेक्नोलोजि नेटवर्क, काठमाडौंको Ref No: 42/N20 मिति नोभेम्बर २४ २०२० को पत्रबाट PPP मोडेलमा यस न.पा. भित्र Grid PV Solar Project सञ्चलान गर्न यस न.पा.बाट साम्भाव्यता अध्ययन गराई उपयुक्त जग्गा समेत उपलब्ध गराईदिनु हुन प्रस्ताव पेश गरेकोमा उक्त परियोजनाको लागि साम्भाव्यता अध्ययन प्रस्तावक निकाकाबाटै हुने गरी साथै उक्त कार्यको लागि हुने सम्झौताका शर्तहरु समेत यस न.पा.कार्यपालिकाबाट स्वीकृत हुने गरी यस न.पा.को वडा नं.८ वडहरी खोलादेखि पूर्वपट्टीको नदी उकास क्षेत्रमा अन्दिाजी १५-२० (पन्ध्र-बीस) विघा जग्गा उपलब्ध गराउन सकिने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा मि.न.पा वडा नं.८ जनमुनिबास निवासी श्री अमर बहादुर तामाङले मुटु रोगको उपचारको लागि मिति २०७७।०८।११ गतेको निवेदनबाट आर्थिक सहायता माग गरेकोमा निजलाई औषधी उपचार गर्नको लागि नगर विपन्न कोषबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा वडा नं.२ नक्टाझिजको च.नं.१०२२ मिति २०७७।०७।२३ को पत्रबाट श्री रामपृत महतो (महाराज) लाई कुटि बनाउन आर्थिक सहायता माग गरेकोमा श्री रामपृत महतोलाई कुटी बनाउन अन्य सामाजिक सहायता शिर्षकाबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मि.न.पा वडा नं.१ बाट छठ पूजा घाट व्यवस्थापन गर्नका छठीमाई पूजा समिति, मि.न.पा.१ ढल्केवर गठन भएको हुंदा छठ पूजा घाट व्यवस्थापन र पूजा संचालन गर्नको लागि आर्थिक सहायता माग गरेकोमा उक्त कार्य गर्नको लागि अन्य सामाजिक सहायता शिर्षकाबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

७७।८।१९

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा मि.न.पा वडा नं.७ बाट श्री जनशक्ति वाल क्लवले शुभ दिपावली तथा छठ पर्वमा सांस्कृतिक कार्यक्रम गर्नको लागि आर्थिक सहायता माग गरेकोमा उक्त कार्यको लागि अन्य सामाजिक सहायता शिर्षकाबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा मि.न.पा वडा नं.५ श्रीपुरको च.नं.१९ मिति २०७७।०८।०४ को पत्रबाट छठ मेला आयोजना गर्न छठ मेला समितिलाई आर्थिक सहयोग उपलब्ध गराउन माग गरेकोमा उक्त छठ मेला समितिलाई अन्य सामाजिक सहायता शिर्षकाबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा मि.न.पा वडा नं.५ श्रीपुरको च.नं.६७२ मिति २०७८।०८।१६ को पत्रबाट श्री राम लक्ष्मण हनुमान मन्दिरको पूजा आराधना गर्नका लागि बाजागाजा सामाग्रीहरु खरिद गर्न आर्थिक सहयोग माग गरेकोमा उक्त सामाग्रीहरु खरिद गर्न अन्य सामाजिक सहायता शिर्षकाबाट रु.४०,०००।- (अक्षरेपी चालीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा मि.न.पा वडा नं.६ ढल्केवरको च.नं.९२० मिति २०७७।०८।१० को पत्रबाट पानीटंकी टोलमा चन्दा उठाएर छठपर्व तथा सांस्कृतिक कार्यक्रम गर्दा अपुग भएको रकम आयोजक समतिलाई अन्य सामाजिक सहायता शिर्षकाबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं ११) प्रस्ताव नं.११ मा छलफल गर्दा यस न.पा.क्षेत्र भित्र संचालनमा रहेका "घ" वर्गको निर्माण व्यवसायी दर्ता हुनका लागि प्राप्त भएका निवेदनहरु मध्ये यस न.पा.का.को प्रतिवेदन अनुसार निम्न निर्माण व्ययसायीहरुको यस न.पा.कार्यालयमा व्यवसाय दर्ता गर्ने निर्णय पारित गरिया ।

क) श्री श्रुती कन्स्ट्रक्सन, मि.न.पा.८, धनुषा ।

ख) श्री अग्रता निर्माण सेवा, मि.न.पा.१०, धनुषा ।

ग) श्री सिस्मो इन्जिनियरिङ्ग प्रा.लि., मि.न.पा.८, धनुषा ।